# कार्यपालिका बैठकका निर्णयहरु

## मितिः- २०८३/०१/१४

**निर्णय नं. १,**

प्रस्ताव नं. १ माथि बृहतरुपमा छलफल गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबारबाट पञ्चकन्या गाउँपालिकास्थित १० शैयाको अस्पताल सञ्चालनार्थ रु. २९,६५,०००/- प्राप्त भएकोले उक्त रकमलाई देहायनुसार बाँडफाँड गरी यथाशिघ्र प्रचलित कानुन वमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

**<u>तपसिल</u>**

| क्र.सं. | शिर्षक | रकम रु. | कै. |
|---|---|---|---|
| १. | फर्निचर | रु. ७,४१,३००/- | |
| २. | सर्जिकल ईन्स्ट्रुमेन्ट्स् | रु. १३,३९,९००/- | |
| ३. | विद्युतीय तथा मेसिनरी सामान | रु. ७,६८,८००/- | |
| ४. | सफ्टवेयर | रु. ४०,०००/- | |
| ५. | पर्दा लगायतका विविध सामग्री | रु. ७५,०००/- | |
| जम्मा | | रु. २९,६५,०००/- | |

**निर्णय नं. २,**

पञ्चकन्या गाउँपालिकाले घ्याङ्श्वारास्थित रोपण गरेको अर्थोडक्स चियाबाट उत्पादन दिन थालेकोले उक्त अर्थोडक्स चियालाई पालिकाको आम्दानीको मुख्य स्रोतको रुपमा स्थापित गर्न चियाको ब्राण्डिङ र बजारीकरणमा ध्यान दिन जरुरी रहेकोले सो को लागि उद्योग तथा वाणिज्य कार्यालय, नुवाकोटमा उद्योग दर्ता गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य अनुज्ञा पत्र प्राप्त गर्न नियमानुसार आवेदन पेश गर्ने र खाद्य अनुज्ञा पत्र प्राप्त गरेपश्चात उद्योग विभागबाट देहायको ट्रेडमार्क लिन आवश्यक कागजात सहित आवेदन पेश गर्ने निर्णय गरियो।

**<u>तपसिल</u>**

- घ्याङ्श्वारा अर्ग्यानिक चिया
- घ्याङ्श्वारा चिया
- अर्थोडक्स घ्याङ्श्वारा अर्ग्यानिक चिया
- घ्याङश्वारा Green Tea
- घ्याङश्वारा Black Tea

Scanned with CamScanner

**निर्णय नं. ३,**

पञ्चकन्या गाउँपालिकाले आफ्नो पालिकाभित्रका सामाजिक सुरक्षा लाभग्राहीहरुलाई नेपाल सरकारले तोके बमोजिमको भत्ता बैङ्क मार्फत भुक्तानी गरिदै आएकोमा सम्झौता म्याद सकिन लागेकोले तत् तत् बैङ्कसँग १ बर्षको अवधि रहने गरी सम्झौता म्याद नवीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ४,**

पञ्चकन्या गाउँपालिकाले गाउँपालिका भित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालयको सिकाईलाई प्रयोगात्मक बनाउँन नीति, कार्यक्रम र बजेटमा समेत व्यवस्था गरिएकोले देहायबमोजिम विद्यालय सञ्चालन एवम् प्रयोगात्मक सिकाई सहायता अनुदान वितरण गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | विवरण | रकम | कै. |
|---|---|---|---|
| १. | ०-१२ कक्षासम्म सञ्चालित विद्यालय | रु. ५०,०००/- | अनुदान प्राप्त गर्ने विद्यालयहरुले प्रयोगात्मक योजना सहित आवश्यक कागजात र प्रमाण पेश गरी फरफारक लिनु पर्ने। |
| २. | ०-८ कक्षासम्म सञ्चालित विद्यालय | रु. ३०,०००/- | |
| ३. | ०-५ कक्षासम्म सञ्चालित विद्यालय | रु. १०,०००/- | |
| ४. | ०-३ कक्षासम्म सञ्चालित विद्यालय | रु. ५,०००/- | |

**निर्णय नं. ५,**

पञ्चकन्या कार्यपालिकाको मिति २०८२/१२/२७ को निर्णयअनुसार विद्यालय समायोजन तथा दरवन्दी मिलान गर्नको लागि गठित कार्यदलको मिति २०८३/०१/११ गतेको सिफारिसको आधारमा तपशिल बमोजिम विद्यालय मर्ज तथा कक्षा समायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| क्र. स. | हाल रहेका विद्यालय | हाल सञ्चालित कक्षा | एकिकरण/समायोजन पश्चात कायम हुने विद्यालयको नाम | एकिकरण/समायोजन पश्चात कायम हुने | कैफियत |
|---|---|---|---|---|---|
| १. | वनदेवी आ.वि.,पञ्चकन्या-१ | १-५ कक्षा | आँपचौर वनदेवी आ.वि.,पञ्चकन्या-१ | बा.वि. के र १-५ कक्षा | आँपचौर आ.वि .र वनदेवी आ.वि.को एकिकरण गर्ने |
| २. | आँपचौर आ.वि.,पञ्चकन्या-१ | बा.वि. के र १-५ कक्षा | | | |
| ३. | कमरदेवी आ.वि,पञ्चकन्या-३ | बा.वि. के | कमरदेवी बा.वि.के.,पञ्चकन्या-३ | बा.वि. के | हाल बाके मा मात्र .वि. विद्यार्थी भएकोले सोही अनुसार कायम गर्ने। |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | क्षेत्रपाल आ.वि,पञ्चकन्या-३ | बा.वि. के र १-३ कक्षा | क्षेत्रपाल बा.वि.के., पञ्चकन्या-३ | बा .बि.के | कक्षा १-३ देवकीधरम आ.वि.मा समाजोजन |
| ५. | सप्तकन्या आ.वि.,पञ्चकन्या-३ | बा.वि. के र १-६ कक्षा | सप्तकन्या आ.वि., पञ्चकन्या-३ | बा.वि. के र १-५ कक्षा | कक्षा ६ पञ्चकन्या मा.वि.मा समायोजन गर्ने |
| ६. | देबकीधरम आ.वि., पञ्चकन्या-३ | बा .वि. र १-८ कक्षा | देबकीधरम आ.वि., पञ्चकन्या-३ | बा.वि. के र १-५ कक्षा | कक्षा ६८- पञ्चकन्या मा.वि.मा समायोजन गर्ने |
| ७. | सुन्दरादेवी आ.वि.,पञ्चकन्या-४ | बा.वि. के र १-३ कक्षा | सुन्दरादेवी बा.वि.के., पञ्चकन्या-४ | बा.बि.के | कक्षा १-३ गम्वोडाँडा आ.वि.मा समाजोजन गर्ने |
| ८. | सुन्दरकन्या आ.वि.,पञ्चकन्या-४ | बा.वि. के र १-३ कक्षा | सुन्दरकन्या बा.वि.के., पञ्चकन्या-४ | बा.बि.के | कक्षा १-३ गम्वोडाँडा आ.वि.मा समाजोजन गर्ने |
| ९. | गम्वोडाँडा आ.वि.,पञ्चकन्या-४ | बा.वि. के र १-७ कक्षा | गम्वोडाँडा आ.वि., पञ्चकन्या-४ | बा.वि. के र १-५ कक्षा | कक्षा ६-७ मंगलादेवी मा.वि.मा समायोजन गर्ने |
| १०. | नवज्योति आ.वि.,पञ्चकन्या-५ | बा.बि.के | | - | बा.बि.के.सुन्दरा आ.वि.मा समाजोजन |

**निर्णय नं. ६ विविध (क),**

पञ्चकन्या गाउँपालिकाले चालु आ.व. ०८२/८३ मा प्रदान गरिएका सेवा प्रवाह र कार्यान्वयन गरिएको योजना, कार्यक्रम लगायत अन्य जनगुनासोको सम्बन्धमा देहायको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

**मितिः २०८३/०१/२८**

**समयः ११:००**

**स्थानः गाउँपालिकाको प्राङ्गण**

साथै, सार्वजनिक सुनुवाईलाई निष्पक्ष, पारदर्शी र स्वतन्त्र बनाउँन एकजना सहजकर्ता कार्यक्रम व्यवस्थापन, सञ्चालन र प्रतिवेदनसम्म गर्ने गरी ३ (तीन) दिनको लागि दैनिक रु. ३०००/- पारश्रमिक दिने गरी नियुक्त गर्ने र कार्यक्रममा उपस्थित भई सार्वजनिक सुनुवाईलाई आ-आफ्नो मिडिया मार्फत नागरिक सम्म पुर्‍याई सूचनाको हकको प्रवर्द्धन गर्न सहयोग गर्नुहुने सम्पूर्ण सञ्चारकर्मीहरुलाई बिल अनुरुपको सान्दर्भिक रकम भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. ६ विविध (ख),**

मालपोत कार्यालय, नुवाकोटको पत्रानुसार भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाटै सञ्चालन गर्न ईच्छुक पालिकाले ७ दिनभित्र प्रस्ताव पेश गर्न पत्राचार बमोजिम पालिकाबाट उक्त सेवाहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ विविध (ग),**

पञ्चकन्या गाउँपालिकाभित्र चालु आ.व. ०८२/८३ मा सञ्चालित योजना/कार्यक्रमहरुको उपभोक्ता मार्फत हुने कार्यको सम्झौता यहि बैशाख २५ गतेसम्म मात्र गर्ने गरिने र सम्पूर्ण योजनाको अनुगमन सकेसम्म पालिकास्तरीय गरेर भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ६ विविध (घ),**

पञ्चकन्या गाउँपालिकाका अध्यक्ष श्री तेज बहादुर तामाङले चालु आ.व. ०८२/८३ मा कार्यालयको कामको शिलशिलामा पालिकाभन्दा बाहिर ३ (तीन) दिन भन्दा बढीको स्वीकृत भ्रमण आदेशलाई स्वीकार गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ विविध (ङ),**

वडा समितिको निर्णय, वडाको सिफारिस र स्थानीय निर्देशक समितिको निर्णय बमोजिम संघीय सर्शत तर्फको रोजगार आयोजना सञ्चालनको लागी ज्याला रकम(क्रियाकलाप कार्यान्वयनको लागी स्थानीय तहले कम्तीमा शत प्रतिशत रकम सझेदारी गर्नुपर्नेछ। शिर्षकबाट तपशिल अनुसारको साविक योजनाहरु परिर्वन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| सि.न | हालको शिर्षक | रकम रु | सि.न. | रकमान्तर शिर्षक | रकम रू |
|---|---|---|---|---|---|
| १. | घ्याङस्वारा पर्यटकीय पार्क स्तरउन्नती | ३,००,०००।- | १. | रुखको जरा उखल्ने तथा ओखर रोप्न कार्य | ३०००००।- |
| २. | सुन्दरादेवी मन्दिर स्तरउन्नती | ५०,०००।- | २. | कुलकुले बाट वडा कार्यालय जाने बाटो सोलिङ कार्य | ५०,०००।- |
| ३. | खै बहादुर रैकर पदमार्ग निमार्ण | २५,०००।- | ३. | सहरेटार देखि गाडेखोला सम्म सडक नाली सरसफाई | २५,०००।- |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | डि खोला मरणपाटी पदमार्ग संरक्षण तथा निर्माण | रु. २,५०,०००/- | ४. | वडा कार्यालय भवनको घेरावाल निर्माण, वडा नं ५ | रु.२,५०,०००/- |

**निर्णय नं. ६ विविध (च),**

पञ्चकन्या गाउँपालिका रोजगार सेवा केन्द्र अन्तरगर्त रहेको रकम रकमान्तर तपशिल शिर्षकमा रकमान्तर गर्न निर्णय गरियो ।

<u>तपशिल</u>

| सि.न | हालको शिर्षक | रकम रु | सि.न. | रकमान्तर शिर्षक | रकम रु |
|---|---|---|---|---|---|
| १. | रोजगार सेवा केन्द्रबाट आयोजना संचालन अनुगमन खर्च, भ्रमण खर्च | रु.५०,०००।- | १. | चिया बिरुवा खरिद तथा ढुवानी | रु.५०,०००।- |
| २ | रोजगार सेवा केन्द्रबाट आयोजना संचालन अनुगमन खर्च,भ्रमण खर्च | रु.५०,०००।- | २ | चिया प्याकिजिङ तथा चिया प्याकिङ सम्वन्धि खर्च | रु.५०,०००।- |
| ३ | घ्याङस्वरा भैसी गोठ व्यवस्थापन खर्च | रु.८४,०००।- | ३ | रोजगार सेवा केन्द्रबाट सञ्चालित अयोजना कार्यक्रमको लागी आवश्यक खाना ,खाजा ,अतिथी सत्कार लगायत अन्य विविध | रु.८४,०००।- |
| ४ | घ्याङस्वरा भैसी गोठ व्यवस्थापन खर्च | रु.१६,०००।- | ४ | चिया काटछाँट तथा व्यवस्थापन ( राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी ) | रु.१६,०००।- |

Scanned with CamScanner

Sangam

निर्णय नं. ६ विविध (छ),

चालु आ.व. ०८२/८३ मा सञ्चालनमा रहेका कतिपय योजनाहरु कार्यान्वयनमा कठिनाई भएका र यस आ.व. मा ठेक्का लगाउँदा बिलो ठेक्का गई बाँकी रकमबाट तत्काल आवश्यक केही योजना कार्यान्वयन गर्न आवश्यक देखिएकोले देहाय बमोजिम शिर्षक परिवर्तन, रकमान्तर तथा योजना थप गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | साविक योजना | रकम | परिवर्तित शीर्षक | रकम | कै. |
|---|---|---|---|---|---|
| १. | फुटवल | रु. ५०,०००/- | भलिबल | रु. ५०,०००/- | २ नं. वडाको शीर्षक परिवर्तन |
| २. | पर्यटन प्रवर्द्धन कार्यक्रम | रु.१,००,०००/- | कालिका मन्दिर परिसर दुबो छाप्ने कार्य र होडिङ बोर्ड निर्माण | रु.१,००,०००/- | |
| ३. | गेठेश्वर अमलेटार मोटरबाटो | रु.१,००,०००/- | नयाँठाटी विजेटार मोटरबाटो | रु. २,००,०००/- | |
| ४. | १ नं. र ५ नं. वडा कार्यालय भवन सम्पन्न गर्न | रु.१,००,०००/- | | | |
| ५. | प्राचिन कुवा तथा धारा मर्मत | रु.१,५०,०००/- | खानेपानी पाईप खरिद | रु.१,५०,०००/- | |
| ६. | लामचौर मिश्रगाउँ खानेपानी मर्मत | रु. ५०,०००/- | मोठ भञ्याङ खानेपानी | रु. ५०,०००/- | |
| ७. | विद्यार्थी लक्षित कार्यक्रम | रु.१,००,०००/- | बालमैत्री स्थानीय शासन वडा घोषणा गर्न कार्यालय व्यवस्थापन सामान खरिद | रु.१,००,०००/- | |
| ८. | सडक बत्ती | रु.१,००,०००/- | २ नं. वडा कार्यालय विद्युत मर्मत तथा आवश्यक सामग्री खरिद | रु.१,००,०००/- | |
| ९. | गौमति घाटमा चिता निर्माण वडा नं. ३ | रु.२,००,०००/- | गौमाता मूर्ति स्थापना स्टक्चर निर्माण | रु.२,००,०००/- | |
| | | | राम्चेदेखि थापा डिल सडक स्तरोन्नति | रु.१,००,०००/- | रकम बाँडफाँड वडा |
| | | | राम प्रसाद गौतमको घर पहिरो संरक्षण | रु. २४,०००/- | |
| | | | विविध | रु. १,२२,०००/- | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | भैपरी आउने तर्फ (चाँडपर्व, संघसंस्था तथा सम्पूर्ण थप बजेट) | रु.४,७०,०००/- | रविन सुवेदीको घर जाने बाटो नाली निर्माण | रु. ५०,०००/- | |
| | | | मसलन्द तथा कार्यालय सामग्री | रु. २२,०००/- | |
| | | | ईन्धन | रु. ३०,०००/- | |
| | | | जेष्ठ नागरिक पोषण कार्यक्रम | रु. ५०,०००/- | |
| | | | तामाङ कृषि समूहलाई आवश्यक सामग्री खरिद | रु. २४,०००/- | |
| | | | तितौरे धारा कार्की टोल खानेपानी मोटर मर्मत | रु. २४,०००/- | |
| ११. | | | हरि सुनारको आरन टहरो मर्मत | रु. २४,०००/- | |
| १२. | बुढिसेरा, फुर्केसल्ला, नेवारपानी, सोह्रमाने हुदै गाउँपालिका कार्यालय जोड्ने सडक स्तरोन्नती, वडा नं. ५ | रु.१,५०,०००/- | महाँकाल ठाँटी हुँदै बेलको बोट सडकमा ग्राभेल बिछ्याउने कार्य वडा नं १ | रु.१,५०,०००/- | शिर्षक परिवर्तन र रकमान्तर वडा नं. १ |
| १३. | | रु.१,००,०००/- | राई संग्रहालय निर्माण निरन्तरता | रु.१,००,०००/- | |
| १४. | | रु.१,००,०००/- | आँपचौर बारीटोल चिलिमे खोल्वी कृषि मोटरबाटो | रु.१,००,०००/- | |
| १५. | | रु.१,००,०००/- | आठबिसे कृषि मोटरबाटो नयाँ ट्र्याक | रु.१,००,०००/- | |
| १६. | | रु.३,००,०००/- | कालिकास्थान मोठभञ्याङ मोटरबाटो ग्राभेल | रु.३,००,०००/- | वडा नं. २ |
| १७. | | रु.१,५०,०००/- | राष्ट्रिय मा.वि. गेट तथा शौचालय मर्मत | रु.१,५०,०००/- | |
| १८. | | रु.१,५०,०००/- | रक्तकाली मन्दिर एवं परिसर निर्माण | रु.१,५०,०००/- | |
| १९. | | रु.१,५०,०००/- | अधेरीघाट मरणपाटी तथा परिसर मर्मत | रु.१,५०,०००/- | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | | रु.३,००,०००/- | ढुङ्गेघर माथि र गाजले बारी मोड सडक सोलिङ | रु.३,००,०००/- | वडा नं. ३ |
| २१. | कात्तिके गैरीगाउँ चनभुमी मन्दिर निर्माण | रु.५०,०००/- | मुहाने चौतारोबाट देउरालीसम्म पदमार्ग निर्माण | रु.५०,०००/- | |
| २२. | उदयजालपा कोलडाँडा जोरघट्टसम्म सडक मर्मत वडा नं ४ | रु.२,००,०००/- | उदय जालपा बलटोल वाहुनटोल हुँदै कुलकुले सडक नाला तथा सोलिङ | रु.४,००,०००/- | वडा नं. ४ |
| २३. | खडका कुल देवता मन्दिर वडा नं ४ | रु.२,००,०००/- | | | |
| २४. | बुढिसेरा, फुर्केसल्ला, नेवारपानी, सोह्माने हुदै गाउँपालिका कार्यालय | रु.२,००,०००/- | बरुटोल जाने गोरेटो बाटोमा वाल लगाउँने कार्य | रु.२,००,०००/- | |
| २५. | जोड्ने सडक स्तरोन्नती, वडा नं. ५ | रु. १,५०,०००/- | सिमुवा देवी मन्दिर निर्माण वडा नं. ४ | रु. १,५०,०००/- | |
| २६. | खेलकुद प्रवर्द्धन कार्यक्रम | रु.१,२५,०००/- | वडा नं. ४ खेलकुद व्यवस्थापन | रु.१,२५,०००/- | |
| २७. | डुम्रे खोल्छा विरुवा खानेपानी | रु.५०,०००/- | खानेपानी पाईप खरिद | रु.५०,०००/- | वडा नं. ५ |
| २८. | शिक्षा तर्फ | रु.१,००,०००/- | शैक्षिक संस्थाहरुलाई खेलकुद ड्रेस खरिद | रु.१,००,०००/- | |
| २९. | डुम्रे खोल्चा विरुवा सिंचाई | रु.१,००,०००/- | सिंचाई पाईप खरिद | रु.१,००,०००/- | |
| ३०. | बुढिसेरा, फुर्केसल्ला, नेवारपानी, सोह्माने हुदै गाउँपालिका कार्यालय जोड्ने सडक स्तरोन्नती, वडा नं. ५ | रु.४,५०,०००/- | वडा कार्यालय भवनको घेरावाल निर्माण, वडा नं ५ | रु.४,५०,०००/- | |
| ३१. | बुढिसेरा, फुर्केसल्ला, नेवारपानी, सोह्माने हुदै गाउँपालिका कार्यालय जोड्ने सडक स्तरोन्नती, वडा नं. ५ | रु.१,००,०००/- | गैरी छबिसे सिंचाई पाईप ~~खरिद~~ तथा मर्मत वडा २ | रु.१,००,०००/- | वडा नं.२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२. | तौलीङ्ग गुम्बामा रङ रोगन र वाल लगाउने कार्य | रु.५,००,०००/- | तौली गुम्बामा वाल निर्माण | रु.५,००,०००/- | वडा नं. ४ |
| ३३. | सडक नाटक | रु.२,००,०००/- | विविध खर्च | रु.२,००,०००/- | पालिका |
| ३४. | सडक नाटक | रु.२,००,०००/- | कर्मचारी बैठक | रु.२,५०,०००/- | |
| ३५. | विविध चाडपर्व खर्च | रु. ५०,०००/- | | | |
| ३६. | घलेभञ्ज्याङ देखि गाउँपालिका कार्यालय सम्म कालोपत्रे गर्ने कार्य पञ्चकन्या-३ | रु. १५,०००/- | मेसिनरी तथा औजार खरिद | रु. १५,०००/- | |
| ३७. | सभा सञ्चालन खर्च | रु.१,५०,०००/- | नवसञ्जीवनी मा.वि. आवासीय अतिरिक्त कक्षा सञ्चालन वडा नं. २ | रु.१,५०,०००/- | वडा नं. २ |
| ३८. | सञ्चार महसुल | रु.१,००,०००/- | कालिका मा.वि. आवासीय अतिरिक्त कक्षा सञ्चालन वडा नं. २ | रु. १,५०,०००/- | |
| ३९. | विविध चाडपर्व खर्च | रु. ५०,०००/- | | | |
| ४०. | घलेभञ्ज्याङ देखि गाउँपालिका कार्यालय सम्म कालोपत्रे गर्ने कार्य पञ्चकन्या-३ | रु.४,००,०००/- | स्याङ्तानको पसल साविक १ नं. वडा हुँदै बालकुमारी जोड्ने सडक खण्डमा वाल लगाउँने कार्य | रु.४,००,०००/- | वडा नं. ४ |
| ४१. | | रु.१,५०,०००/- | कालिमाटी हुँदै पण्डित टोल थापाटोल केदारको घरसम्म हिड्ने गोरेटो बाटो | रु.१,५०,०००/- | वडा नं. ३ |
| ४२. | | रु.१,००,०००/- | काभ्राको फेद टारीटोल आँपको चौतारा हुँदै गरे खोला सम्म नयाँ ट्र्याक | रु.१,००,०००/- | |
| ४३. | वन तथा भू-संरक्षण | रु. ५०,०००/- | टिमुर खेतीमा झाडी फडानी कार्य (राम्चेढुङ्गा सामुदायिक वन उपभोक्ता समुह ) | रु. ५०,०००/- | वडा नं. ४ |

Scanned with CamScanner

**निर्णय नं.६ विविध (झ)**

पञ्चकन्या गाउँपालिका निकट भविष्यमै वालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्य सहित कार्यसम्पादन गरिरहेको सन्दर्भमा कतिपय सचेतनात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएको र यस सम्वन्धी प्रशिक्षकहरु कमै मात्र उपलब्ध रहेको जनाई उच्च पारिश्रमिक माग गर्ने जनाई प्रति सेशन रु ३०००।— का दरले दिने गरी सम्बन्धित शाखाबाट स्वीकृति माग भई आएकोले पञ्चकन्या गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को परिच्छेदको नियम १६ (ग) बमोजिम स्वीकृत दिने निर्णय गरियो।

**निर्णय नं.६ विविध (झ)**

लोक सेवा आयोग काठमाडौं कार्यालयको आ.व. २०७६/०७७ को विज्ञापनबाट सिफारिस भई बागमती प्रदेश, नुवाकोट जिल्ला, पन्चकन्या गाउँपालिकामा शिक्षा सेवा, शिक्षा प्रशासन, शिक्षा अधिकृत (छठौं) तहको पदमा यस कार्यालयबाट मिति २०७६/१०/१९ गते स्थायी नियुक्ति लिई हाजिरी भई कार्यसम्पादन कार्य गर्दै आएका कर्मचारीको दोहोरो सहमतीको आधारमा मिति २०७८/०८/२० गतेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अर्को व्यवस्था नभएसम्मको लागि खटिएकै निकायबाट तलब भत्ता भुक्तानी हुने गरि कामकाजमा खटाएको पत्रानुसार मिति २०७८/०९/०८ गते पन्चकन्या गाउँपालिका नुवाकोटबाट रमना लिई सुदुरपश्चिम प्रदेश, दार्चुला जिल्लाको व्यासँ गाउँपालिकामा मिति २०७८/०९/८ गते हाजिर भई कामकाज गर्दै आउनु भएका श्री चक्र राज जोशी (क.स.नं. २३८६६५) सो गाउँपालिकाबाट बैतडी जिल्ला, दोगडाकेदार गाउँपालिकामा हाल कार्यरत शिक्षा अधिकृत (सातौं) श्री चक्र देव जोशी कर्मचारी को व्यवस्था सुदूरपश्चिम प्रदेशले ल्याएको स्थानीय सेवा गठन, संचालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा १४९ र ऐ. नियमावली २०८२ को नियम १३५ बमोजिम दोगडाकेदार गाउँपालिकामा रिक्त दरवन्दीमा (शिक्षा सेवा, शिक्षा प्रशासन, सातौं तहको शिक्षा अधिकृत) पद मा यस कार्यालयबाट पदस्थापनाको लागि सहमती प्रदान दिन निर्याण गरियो।

Scanned with CamScanner

निर्णय नं.६ विविध (ञ)

पञ्चकन्या गाउँपालिकाको सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालनका गर्ने सम्बन्धमा, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम यस पञ्चकन्या गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा आ.व.२०८२/०८३ को विभिन्न अवधिमा प्रवाह गरिएका सार्वजनिक सेवा तथा सञ्चालन गरिएका विकास निर्माण योजना तथा कार्यक्रमहरूको प्रभावकारिता सम्बन्धमा मिति २०८३/०१/२८ गते सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने साथै उक्त कार्यक्रम सञ्चालनका लागि आवश्यक विभिन्न शीर्षकमा (कार्यक्रम व्यवस्थापन, MC सेवा, पत्रकार सेवा, प्रचार–प्रसार) एवं आफ्नो मिडिया मार्फत नागरिक सम्म पुर्याई सूचनाको हकको प्रवद्धन गर्न सहयोग गर्नुहुने सम्पूर्ण सञ्चारकर्मीहरुलाई देहायको विवरण बमोजिम कार्यक्रम संचालन पश्चात भुक्तानी दिने निर्णय गरियो।

खर्च विवरणः

| क.स. | खर्च शीर्षक | दिन | दर | रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|
| १ | MC सेवा तथा सहजर्ताको पारिश्रमिक/यातायात | ३ | ३००० | ९०००।- | सम्झौता बमोजिम |
| २ | कार्यालयको नियमितरुपमा सूचना प्रशारण गर्ने संचारकर्मी तथा मिडिया उपस्थित भई सो दिनको कार्य गरेको खण्डमा | - | - | १६०००।– | सो दिनको सम्झौता अनुसार |
| ३ | अन्य संचारकर्मी तथा मिडिया उपस्थित भई सो दिनको कार्य गरेको खण्डमा | - | - | ७०००।– | सो दिन सम्झौता अनुसार |
| ४ | MC ले फोटो/भिडियो सहित सामाग्री सञ्चार माध्यमबाट प्रसार/प्रकाशन वापत | | ४००० | ४०००।- | का.निर्णयानुसार |

निर्णय नं.६ विविध (ट)

देहायबमोजिमका कानूनहरु ( कार्यविधि र निर्देशिका) सम्बन्धमा

क) पञ्चकन्या गाउँपालिकाको घर/भवन अभिलेखीकरण कार्यविधि, २०८३ लाई स्वीकृत गर्ने निर्णय गरियो।

ख) पञ्चकन्या गाउँपालिकाको नक्सा पास निर्देशिका, २०८३ लाई स्वीकृत गर्ने निर्णय गरियो।

अन्य बिषय नभएकोले आजको बैठक समापन गरियो।

Scanned with CamScanner